# Living the Lotus

*Buddhism in Everyday Life*

5
2025
VOL. 236








टोकियोको ग्रेट सेक्रेड हलमा शाक्यमुनिको जन्म जयन्ती समारोहमा
बंगलादेश, ताइवान, भारत र ब्राजिलका सदस्यहरू





**Living the Lotus**
**Vol. 236 (May 2025)**

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्ट्रय बिभाग
फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु टोक्यो १६६-८५३७ जापान
फोन: ८१-३-५३४१-११२४ फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp
प्रमुख सम्पादक: केइइची आकागावा
सम्पादक: साची मिकावा
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्ट्रय बिभाग कर्मचारी

रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्रय अन्तराष्ट्रय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ ।
रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्रय अन्तराष्ट्रय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ ।

Living the Lotus-Buddhism in Everyday life (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फकृयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो । यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ ।

# मातापिता भएर नै

Rev. Nichiko Niwano
President of Rissho Kosei-kai



## "आमा बुवाको मुख हेर्ने दिन"

त्यो युद्धा समाप्त गर्न भनेर एक महिलाले अबदेखी आफ्न श्रीमान र छोराछोरीलाई युद्ध नपठाउने घोषणा गर्ने भनेर सुरु गरिएको थियो "आमाको मुख हेर्ने दिन"जसलाई "मदर्स डे" भनिछ जुन जापानमा हरेक बर्ष मेको दोस्रो आइतबार मनाइन्छ। आमा भनेको मायाको आधार हो भनेर एस्ता आमाप्रती कृतज्ञ हुन भनेर यो सुरु भएको हो। साथमा "बुवाको मुख हेर्ने दिन (फादर्स डे)" जुन जापनमा हरेक बर्ष जुनको तेस्रो शनिबार मनाइन्छ र यो पनि अमेरिकको गृहयुद्ध सँग संबन्ध नै नभएको चाइ होईन।। लडाइबाट फर्केका एक सिपाहिले आफ्नो श्रीमती गुमाएपछी आफ्ना ६ सन्तान पुरुष एक्लोले हुर्काएका थिए र उनका एक सन्तानले "आमाको मुख हेर्ने दिन" हुन्छ भने बुवाहरुलाई सम्मान गर्न तेस्तै दिन राख्न पर्ने प्रस्ताब गरेका थिए र यसरी सुरु भएको हो।

परिवारलाई अगढ माया गर्ने आमाको भावना र सन्तानले आफ्ना पिता प्रती गर्ने आदरको सोचले आमा र बुवाप्रती आभारी छु भन्ने कुरा प्रकट गर्न एस्ता चलनहरु सुरु भए र त्यो कुरा सन्सारको सबै देशमा प्रचलित छ। र यो सत्य भनेको परिवारमा हुने माया र आधार अनि कृतज्ञताले नै मानिसको मनको बिकास गर्छ मतलब हामीलाई मानव जस्तो बनाउछ र सबैले गौरब गर्न सक्ने राष्ट्रको निर्माण गर्ने आधर बन्छ भन्ने कुरा पनि यि दिन्हरुले सन्देस दिएको जस्तो लाग्छ।

यो अर्थमा आमा र बुवाप्रतिको आभारिपनलाई बुझ्ने यि चलनलाई मैले पहिलादेखी नै भनेको "बुवा भनेको सम्मानको निशाना र आमा भनेको मायाको कोख हुन पर्छ" भन्ने कुरा बुझी परिवार अनि मातापितामा हुन पर्ने गुणलाई फेरी एकपटक बिचार गर्ने एक असल मौका हुन सक्छ।

## मातापिताको सेवा ब्रह्मण्डसँग के संबन्ध ?

आमाबुवाको अस्तित्वको बारेमा एसो सोच्दा "मानवको सरिर मातापिताको आधार जुन ब्रह्मान्डबाट सुरु" भनेर "पोषण शास्त्र " जस्ता चिकिस्ताका किताब लेख्ने काइबारा एक्केनले भनेको कुरा पढेको सम्झिए। तर हाम्रो सरिर भनेको मातापिताभन्दा पनि धेरै अघी "ब्रहमाण्डबाट सुरु" भनेको के मतलब हो त भनेर सोच्दा मैले भौतिक शास्त्रका बिज्ञ भनेर चिनिने साजी हारुओले लेखेको किताबको केहि हरप सम्झिए। तेसमा लेखिएको कुरा सारांसमा भन्दा हाम्रो यो सरिर ब्रह्माण्डमा बिष्पोट भएको ताराहरुबाट बनेको हो मतलब "प्रकृतिको एक रुप" हो र मानव "ब्रहमाण्डले अरबौ बर्ष लगएर बनेको चिज" भन्ने कुरा हो। यो भनेको हामीहरु यो बिशाल ब्रहमाण्ड र प्रकृतिबाट बनेका हौ भन्ने प्रमाण हो।

एसो गरी सोच्दा आमबुवाद्वारा जन्मिएका हामीहरुले वहाँहरुलाई हेर्ने या सेवा गर्ने भनेको खाली वहाँहरुलाई महत्व दिने कार्य य कृतज्ञ भएर केहि सामान दिने कुरा हो भन्ने मात्र सोचै नराखी बुद्धधर्मको कोणबाट भन्दा  "अमुल्य प्राण" उपदेशद्वारा तेसलाई मनन गर्नु महत्वपुर्ण हुन्छ भन्ने लाग्छ।

तर अब आउनै लागेको "आमको मुख हेर्ने दिन" या "बुवाको मुख हेर्ने दिन" को बारेमा भन्दा अलि लाज लाग्छ तर मैले आमाबुवालाई धन्यवाद भन्ने गरेको तेती याद छैन। मेरी श्रीमतीले लिएर आउने गरेको फुलका गुच्छालाई हामी दुबै मिलेर दिएको मात्र हो। आफु खासमा वहाँहरुलाई प्रतिकार गर्ने अनि बिनम्र नहुने कुरा मात्र मलाई राम्रोसँग याद छ र यो अर्थमा पनि काइहारु एक्केन जस्तै तेही समयका बिज्ञ नाकाए तोजुले भनेका कुराले भने मलाई राहत दिएको महसुस हुन्छ।

"आमाबुवाको सेवा गर्ने भनेको खाली आफुलाई जन्म दिएकोले वहाँहरुलाई महत्व दिने होईन को आफु वहाँहरुप्रती समर्पित भएर ब्रहमाण्डको आधारभुत प्राणसँग मिल्न जाने कुरा नै हो" (सत्य वास्तबिकता भित्र मात्रै बाट्, मोरी सिन्जि, चिची प्रकाशण)


मैले पहिला पनि भनेको कुरा हो कि आमबुवालाई हेर्ने सेवा गर्ने कुरा ब्रह्माण्डको आधारभुत प्राणसँग जोडिन्छ र तेसैले मैले आमाबुवालाई तेती केहि दिन नसकेको कुरा यहाँहरुले माफ गर्नुहुन्छ होला भन्ने आशा गर्दै फेरी अर्को अंकमा आमाबुवालाई हेर्ने भने कुराको बुद्ध धर्मको उपदेश र अग्रजहरुको बुद्धिलाई समेटेर अझ एस्लाई बृहत र गहिरोरुपमा प्रस्तुत गर्नु छ।

जे भए पनि आमाबुवाले गर्दा नै हामी यो संसारमा छौ। यो अर्थलाई मनन गरी आभारी हुँदै आफुलाई अझ बिकसित गर्दै लग्ने कुरा नै "मानव हुर्काउने" कुरा हो र साथमा यो संसार सन्तुलित हुने कुरालाई एकैसाथ सोच्ने गरौ।






# A Global Buddhist Movement




**Information about local Dharma centers**

**facebook**

**X**

We welcome comments on our newsletter Living the Lotus: [living.the.lotus.rk-international@kosei-kai.or.jp](mailto:living.the.lotus.rk-international@kosei-kai.or.jp)